"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाको

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व.-२०८१/०८२

## दिप्रुङ चुइचुम्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### याङसोलाटार
### कोशी प्रदेश, खोटाङ

दिप्रुङ चुइचुम्मा गाउँपालिका उपाध्यक्ष श्री अरुणा थापा मगरज्यूद्वारा प्रस्तुत

२०८१ असार १०

# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

**सम्मानित सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको यस गरिमामय गाउँसभाको गाउँपालिकाको पन्ध्रौ गाउँसभाको अधिवेशनमा आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै हर्षित महसुस गरेको छु । यो अवसर प्रदान गर्ने सम्पूर्ण दिप्रुङ चुइचुम्मा गाउँपालिकाका नागरिकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकारिता, समन्वय र सह-अस्तित्वबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को आकांक्षा पुरा गर्नु हामी सबैको साझा दायित्व हो। यही आकांक्षालाई आत्मासात गर्दै हामीले पनि **"हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा"** निर्माणको लक्ष्य गत आर्थिक वर्षदिखि नै अंगिकार गरेका छौ ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान,लोकतन्त्र र सामाजिक न्याय लगायत रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर योगदान गर्नुहुने सम्पूर्ण अग्रज वीर पूर्खाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्टकर जीवन बिताई रहनु हुने सहयोद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

**आदरणीय सभाध्यक्ष महोदय,**

देशले लिएको राजनीतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पूरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, चालु पन्ध्रौ आवधिक योजना तथा छिट्टै कार्यान्यिवनमा जाने सोह्रौ आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा दिप्रुङ चुइचुम्मावासी नागरिकका इच्छा चाहनाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु। गत आ.व.२०८०/०८१ को निति कार्यक्रममा समावेश भएका तर बजेट तथा अन्य कारणले कार्यान्वयन हुन नसकेका हाम्रो दीर्घकालिन लक्ष्यसँग सम्वन्धित नीति कार्यक्रमहरुलाई यस आर्थिक वर्षको निति तथा कार्यक्रममा निरन्तरता दिएको छु । देशमा उत्पन्न आर्थिक संकटले गत आर्थिक वर्ष भन्दा हाम्रो आवश्यकता र चाहनालाई सम्वोधन गर्न र स्रोत सधानको विकास र लक्ष्य केन्द्रित कार्यक्रमहरु गर्न सीमित बनाएको छ । आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई सम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, लैंगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

पूर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घर-घरमा खानेपानी, बाह्रै महिना चल्ने ग्रामीण सडक, माध्यमिकसम्म निःशुल्क शिक्षा, गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा, वृहत सिँचाई, विद्युतीकरण, सुरक्षित र उज्यालो बजार लगायत विकासका पूर्वाधार तयार गर्न नै धेरै बजेट खर्च गर्नु पर्ने बाध्यता हामीसँग छ । यसका बावजुद पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्धन लगायतका आर्थिक, सामाजिक एंव साँस्कृतिक क्षेत्रमा योजनावद्ध ढङ्गले नीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने लक्ष्य लिएका छौं।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र आंशिक न्यायिक अधिकारहरु सुनिश्चित गरेको छ ।जसले गर्दा स्थानीय तहहरू अन्य तहका सरकारहरूसँग सहकारिता, सह—अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरी व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनाइनेछ । स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरी यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढङ्गले भइरहेका छन् । यसका बावजुद पनि गाउँपालिकाको समग्र विकासको लागि पालिकास्तरीय गौरवका आयोजनाहरुको सञ्चालन, सम्पन्न भएका योजनाहरुको हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवं जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरिरहेका छौं ।

गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम सदुपयोग गरी आ-आफ्नो जिम्मेवारी कुशलतापुर्वक निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछु ।साथै दिप्रुङ चुइचुम्माबासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानका साथ **"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"** को नारालाई दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र साँस्कृतिक विकासमा अगाडि बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिवद्ध छौं ।अब, म यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् :**

(क) दिगो पूर्वाधार विकास

(ख) कृषिको आधुनिकीकरण, व्यवसायिकरण, कृषि उत्पादन तथा बजारीकरण, आयातमा कटौति र निर्यातलाइ प्रोत्साहन,

(ग) सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्धताको लागि आवश्यक पूर्वाधारको विकास तथा दक्ष जनशक्ति व्यवस्थापन,

(घ) गुणस्तरीय तथा सर्वसुलभ शिक्षाको सुनिश्चितता

(ङ) स्थानीय उत्पादनको प्रशोधन र उद्योग विकासको सम्भाव्यता अध्ययन,

(च) भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता,

(छ) जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा अभिवृद्धि,

(ज) सूचना प्रविधि तथा सञ्चार एवं गुणस्तरीय सार्वजनिक सेवा

(झ) वन, वातावरण तथा विपद व्यवस्थापन र यसको न्यूनीकरण ।

## १. सामाजिक विकास नीतिः

### १.१ स्वास्थ्य तथा पोषण

- 'हेल्लो डक्टर कार्यक्रम' सञ्चालन गरी कुनै एक स्वास्थ्य संस्थाबाट चौबिसै घण्टा स्वास्थ्य सेवा प्रदान गर्ने नीति लिइनेछ।
- आधारभूत अस्पताल एवं हेल्लो डाक्टरको कार्यक्रम सञ्चालन भइरहेको स्वास्थ्य चौकी,ओखेमा आवश्यक स्वास्थ्य उपकरण सहित प्रयोगशाला (ल्याब) विस्तार र व्यवस्थित गर्दै लगिनेछ ।
- आफ्नो स्रोत साधनलाई उपयोग गर्दै आवश्यक स्थानहरुमा स्वास्थ्य ईकाइ स्थापनालाई अझ जोड दिई व्यवस्थित बनाउँदै लगिनेछ ।
- दीर्घ रोगिहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै टोल-टोलमा स्वास्थ्य सेवा सञ्चालनमा ल्याइने नीति लिइनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थाबाट गर्भ जाँच अल्ट्रासाउन्ड सेवा निरन्तर सञ्चालनमा ल्याइने नीति लिइनेछ ।
- गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टरबाट गर्भवति महिलालाई शल्यक्रियाका लागि रेफर भएका महिलालाई गाउँपालिकाबाट नेपालका सरकारी जुनसुकै अस्पताल लैजानु परेमा पालिकाको एम्बुलेन्स बाट निःशुल्क एकतर्फि भाडादरलाई निरन्तरता दिईनेछ ।
- निशुल्क स्वास्थ्य सेवा पुर्याउदै आउनु भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन भत्ता आगामी आ. व. २०८१।०८२ मा ५० (पचास) प्रतिशतले बृद्धि गर्ने निति लिईने छ ।प्रत्येक स्वास्थ्य स्वंयसेविका आमा, दिदी- बहिनीहरुलाई आधारभूत अस्पताल, ओखेमा निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ।
- "स्वस्थ बालक समृद्धिको आधार" भन्ने नाराका साथ हरेक घरका गृहीणिहरुलाई बालबालिका हेरचार र स्वस्थ आहार सम्बन्धित आधारभुत तालिमको व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तथा शिविर संञ्चालनको अवधिमा ल्याब परिक्षण निःशुल्क गर्ने निति लिइनेछ ।
- प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै स्वास्थ्य उपचार गराउन सहजिकरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- २४ घण्टा दिईने प्रसुति सेवा केन्द्र संख्यामा भन्दा गुणस्तरीय सेवा प्रदानका लागि एकिकृत प्रसुति सेवा केन्द्रको व्वस्थापन गरिने नीति लिइनेछ ।
- मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र घरमा शून्य प्रसुति घोषणा अभियान कार्यक्रमलाई अझ टेवा पुर्याउनको लागि आकस्मिक स्वास्थ्य उपचार संन्चालन गरिनेछ ।
- गर्भवति महिला भएका घरमा संकेत चिन्ह प्रयोग गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुमा शुद्ध खानेपानि पिउनको लागि ईलेकट्रिक फिल्टरको व्यवस्था गरिने छ ।
- प्रत्येक वडा रहेका स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई कम्तिमा २/२ जनाको दरले DHIS2 सम्बन्धि क्षमता अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडामा वडावासिहरुले प्रयोग गरेको पिउने पानीको मुहान बेला बेलामा शुद्धिकरण जाँच गरिने व्यवस्था मिलाइनेछ ।
- नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै कम्तिमा गाउँपालिकाभित्र सञ्चालनमा ल्याईएको आधारभूत अस्पतालबाट प्रदान गरिने सेवालाई निरन्तरता दिईने निति लिइनेछ ।
- बाँकी जीवन स्वस्थ बिताउ भन्ने उदेश्यका साथ गाँउपालिकालाई धुम्रपान तथा मद्यपान रहित गाउँ पालिका घोषणा कार्यक्रमको नीति लिइनेछ ।
- बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै विद्यालयमा दिईने बाल दिवा खाजाको व्वस्थापन गर्दा स्थानिय स्तरमा उपलब्ध भएका खाद्य तथा फलफूल वितरण गर्ने नीति लिइनेछ ।
- दिप्रुङ चुइचुम्मा गाँउपालिकाभित्र रहेका सम्पूर्ण सरकारी कार्यलयमा खाजाको व्यवस्थापन गर्दा स्थानीय स्तरमा उपलब्ध भएका खाद्य तथा फलफूल प्रयोगमा ल्याउने निति लिइनेछ ।
- संकेत समयको क्षयरोगको अन्त्यको नारालाई मध्यनजर गर्दै गाँउपालिकाभित्र टि.बि खोजपडताल कार्यलाई निरन्तरता दिईने नीति लिइनेछ ।
- हाल सञ्चालनमा रहेका खोप तथा गाँउघर क्लिनिक सेवा केन्द्रबाट दिईने सेवालाई थप व्यवस्थित गर्नका लागि क्रमशः प्रत्येक सेवा केन्द्रमा बाह्य खोप तथा गाँउघर क्लिनिक भवन निर्माण गर्ने नीति लिइनेछ ।
- नर्सिङ कर्मचारीहरुलाई SBA तालिम प्रदान गरी दक्ष प्रसुतिकर्मी बनाउने नीति लिइनेछ ।
- स्वास्थ्यमा सबैको पहुँच पुर्याउनका लागि सामुदायिक स्वास्थ्य एकाईको निर्माण,स्तरोन्नती,पूर्वाधार विकास जनशक्तिको व्यवस्था र सेवाको गुणस्तरमा वृद्धि गरिने निति लिइनेछ ।

- सबै नागरिकमा स्वास्थ्य बिमा कार्यक्रम पुर्याउनका लागि घुम्ति शिविर सञ्चालन,स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।
- गाँउपालिका भित्र स्वास्थ्य संस्थामा आवश्यक औषधि/उपकरणको अभाव हुन नदिने गरी बजेटको व्वस्थापन गरिने नीति लिइनेछ ।
- किशोर-किशोरी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम,महिनावारी चक्र तथा सरसफाई,प्रजनन स्वास्थ्यबारे कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।
- दिप्रुङ चुइचुम्मा गाँउपालिकाले सञ्चालनमा ल्याएको अस्पतालमा X-Ray Machine तथा U.S.G. Machine को व्यवस्था गरिनेछ ।
- गाँउपालिकाले सञ्चालनमा ल्याएको अस्पतालबाट पोस्टमार्टम सेवा आर्थिक वर्षबाट सुरुवात गर्ने नीति लिइनेछ ।
- प्रत्येक बिद्यालयलाई प्राथमिक उपचारको लागि प्राथामिक उपचार बक्स र तालिमको ब्यवस्था मिलाउने नीति लिइनेछ ।

## १.२ शिक्षा

- आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा उल्लेखित काम कर्तव्य र अधिकारहरुको कार्यान्वयनका लागि शिक्षा सम्बन्धी पालिकास्तरीय ऐन, नियमावली, कार्यविधि लगायतका कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- धुलो रहित कक्षाकोठा निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।
- शिक्षक, प्रधानाध्यापक,विद्यालय कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकासका लागि विषयगत तालिम, नीतिगत तालिम,कार्यशाला,अनुभव आदान-प्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका नियमित कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- **हाम्रो सामुदायिक विद्यालय, राम्रो सामुदायिक विद्यालय** भन्ने नारा तय गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ।
- विद्यालय शिक्षाको आधारको रुपमा रहेको बाल विकास केन्द्रलाई व्यवस्थित शैक्षिक सामग्रीयुक्त बनाई बाल विकास केन्द्रमा कार्यरत शिक्षकलाई मन्टेश्वरी तालिम र गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई शैक्षिक सामग्री प्रदान गर्ने नीति लिइनेछ।
- विषयगत तथा तहगत दरबन्दी अपुग भएका सामुदायिक विद्यालयहरुमा स्वयंसेवक शिक्षक दरबन्दी व्यवस्था गर्ने नीति लाई निरन्तरता दिइनेछ।
- सबै विद्यालयमा ईन्टरनेट सेवा जडान गरिनुका साथै प्रभावकारी, नियमित र सुचारु रुपमा सञ्चालन साथै विद्यालयलाई प्रविधिमैत्री बनाउने नीति लिइनेछ।

- विद्यालयको अनुगमन तथा सुपरीवेक्षणको संस्थागत संयन्त्रलाई निरन्तरता दिई सुपरीवेक्षण सहित शिक्षक सहयोग कार्यक्रम सञ्चालन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन प्रविधिमैत्री बनाउँदै लगिने तथा उत्कृष्ट र नतिजामुखी बनाउने नीति लिइनेछ।
- विद्यालय तथा वालविकास केन्द्रमा कार्यरत वाल विकास शिक्षक तथा विद्यालयका सहयोगी कर्मचारीको खाईपाई आएको तलबमा मासिक १ (एक) हजारका दरले तलब वृद्धि गरिनेछ।
- फरक सङ्कायको प्राविधिक विद्यालय स्थापना तथा स्नातक कक्षा सञ्चालन गर्न चाहने विद्यालयलाई प्रस्तावनाको आधारमा विशेष सहयोग उपलब्ध गराउने नीति लिइनेछ।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछाडि परेका व्यक्तिहरुलाई शिक्षाको मूलधारमा ल्याउन सकारात्मक विभेदको नीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरुका लागि माथिल्लो कक्षा अध्ययन गर्न प्रोत्साहन छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ। यसको निरन्तरताको लागि विद्यार्थीको अर्धवार्षिक प्रगति प्रतिवेदनलाई मुख्य आधार बनाइनेछ।
- विद्यालय बाहिर रहेका सम्पूर्ण बालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- सवै विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गर्दै सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धिसँग जिम्मेवार बनाउने नीति लिइनेछ।
- अस्थायी,करार तथा राहत शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।
- विद्यालयहरुका आवश्यकता र औचित्यताको आधारमा शिक्षकको दरबन्दी मिलान तथा कामकाजमा खटाउने व्यवस्था गरिनेछ। यसरी कामकाजमा खटाउँदा विद्यालयको हितलाई सर्वोपरी मानि विषयगत आधारमा शिक्षक व्यवस्थापनको प्रक्रिया अगाडि बढाईनेछ र आवश्यकताका आधारमा स्थायी दरबन्दी र राहत दरबन्दीको समायोजन गर्ने नीति लिइनेछ।
- विद्यालय व्यवस्थापन र सरसफाईलाई प्रतियोगितात्मक बनाउने नीति लिइनेछ।
- गाउँ शिक्षा योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्यवन गर्ने नीति लिइनेछ।
- शिक्षक तालिमको स्थायी संयन्त्रको विकास गरी तालिमको सञ्चालन र तालिमबाट प्राप्त ज्ञान, सीपलाई कक्षाकोठासम्म पुऱ्याउनको लागि सुपरीवेक्षणको तहगत संरचनाको निर्माण गरिनेछ।
- अभिभावक शिक्षा तथा बालबालिकाको लागि मनोपरामर्शको कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- प्रत्येक मा.वि विद्यालयमा नेपाल स्काउट, बालक्लब, जुनियर रेडक्रस जस्ता स्वयंमसेवी संस्थाको स्थापना गरी बालबालिकामा राष्ट्रप्रेम तथा समाजसेवी भावनाको विकास गर्ने नीति लिइनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि तहगत रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने नीति लिइनेछ।

- विद्यालय शिक्षालाई व्यवहारिक जीवनोपयोगी र ज्ञानमा आधारित बनाउन माटो सुहाउँदो एवम् स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा आएकोले यथाशीघ्र पाठ्यपुस्तक प्रकाशनको नीति लिइनेछ।
- विद्यार्थीहरुलाई सार्वजानिक सेवा, सुरक्षा, ट्राफिक नियम तथा अन्य सम्बन्धित विषयमा सचेतना कार्यक्रम प्रत्येक शैक्षिक सत्रको एक दिन विद्यार्थीसँग राष्ट्रसेवक कर्मचारी र प्रहरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम, शिक्षकको तहगत तथा विषयगत तालिम ,लेखा कर्मचारी तथा कम्प्युटर शिक्षकको लागि आइसिटी तालिम प्रदान गरिनेछ।
- विद्यालयमा छानो, खानेपानी ,घेराबारा, शौचालय निर्माणका साथै आवश्यक अन्य भौतिक संरचना निर्माण गर्ने नीति लिइनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका शिक्षक तथा कर्मचारीहरुको पोशाकमा एकरुपता कायम गरी शिक्षकहरुको विभेद अन्त्य गर्न पोशाक भत्ता उपलब्ध नभएका (संघीय अनुदान र गाउँपालिका स्वयंसेवक) शिक्षक तथा कर्मचारीहरुलाई गाउँपालिका र विद्यालयबाट नियुक्त शिक्षक कर्मचारीहरुलाई समेत सम्बन्धित विद्यालयबाटै पोशाक भत्ता उपलब्ध गराउने नीति लिइनेछ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने सशर्त अनुदान मार्फत विद्यालयलाई प्राप्त हुने कार्यक्रमहरुको शीर्षकगत रुपमा अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने नीति लिइनेछ।
- प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय निरीक्षकहरुबाट हालसम्म भए गररेका कार्यको उच्च मूल्याङ्कन गर्दै आगामि वर्षमा थप सशक्त र प्रभावकारी वनाउदै लैजाने नीति लिइनेछ।
- विद्यालय तथा वडास्तरको खेलकुदको विकासका लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत अन्य खेलकुद प्रतियोगिताहरु एकल तथा संघसंस्थाहरुको सहकार्यमा सञ्चालन गरी खेलकुद क्षेत्रमा टेवा पुर्याउने नीति लिइनेछ।

## १.३ खानेपानी, सरसफाइ र स्वच्छता

- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक घर, एक धाराको आकांक्षा पूरा गर्न खानेपानी अभाव भएको स्थानमा खानेपानीको मुहान पहिचान गरी त्यस्ता मुहानहरुको संरक्षण र सम्वर्द्धन गर्न विशेष नीति लिइनेछ।
- गाउँपालिकामा उत्पादित सिसाजन्य, धातुजन्य तथा मेशनरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागि कबाडीजन्य उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

- गाउँपालिकाभित्र साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइडको व्यवस्था गरिनेछ।
- गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गरिरहेका विपन्न तथा सीमान्तकृत दीर्घरोगीहरुको लागि मान्यता प्राप्त स्वास्थ्य संस्था र चिकित्सकको प्रेस्क्रिप्सनको आधारमा प्रयोग गरिरहेको औषधिको मूल्यको पचास प्रतिशत आर्थिक सहयोग गर्ने नीति लिइनेछ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने व्यवस्था मिलाइनेछ।

१. ४ सामाजिक समावेशीकरण

- गाउँपालिकाको वस्तुगत विवरण (पार्श्व चित्र) निर्माण गरी सालबसाली अद्यावधिक गरिनेछ ।
- सबै वडामा बाल समिति गठन तथा सबलीकरण गरी परिचालन गरिनेछ ।
- लक्षित तथा विपन्न वर्गको सशक्तीकरणका लागि आवश्यक तालिम, लोकसेवा तथा अन्य सरकारी सेवाको तयारी कक्षा सञ्चालन गरी रोजगारीको अवसर श्रृजना गरिनेछ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रूपमा अपनाई आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पूँजी लगानी गरी सहयोग गरिनेछ।
- आमा समूहलाई व्यवस्थित रुपमा सञ्चालन गर्न समूह सुदृढिकरणमा ध्यान दिइनेछ ।
- विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ। यसको प्रभावकारी व्यवस्थापनको लागि प्रत्येक टोल विकास संस्थाको प्रशासनिक कार्य सञ्चालनको लागि वडा कार्यालयले आवश्यक समन्वय गर्नेछ।
- "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र स्तरीकृत सीपमूलक व्यवसायिक तालिम मार्फत उद्यमशीलतातर्फ अभिप्रेरित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई प्रभावकारी बनाई वडा तथा घर-घरमा सामाजिक सुरक्षा भत्ता पुर्याउन बैंकसँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न जातजाति, भाषा, धर्मलाई उजागर गर्दै परापूर्वकालदेखि जातिय भेदभावका कारण जातिय छुवाछुतलाई अन्त्य गर्दै छुवाछुतमुक्त गाउँपालिका घोषणा गरिनेछ।

१.५ रोजगारी तथा मानव संशाधन विकास

- गरिबी न्यूनीकरण तथा रोजगारीका अवसर सृजना गर्न पहल गरिनेछ ।

- श्रम बजारको माग बमोजिम श्रमिकको सीप तथा क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- रोजगारको खोजिमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गरी रोजगारीको लागि पहल गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिमा सहजीकरण गरिनेछ ।
- समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- संघ, प्रदेश र गाउँपालिकावाट सञ्चालित योजनाहरुमा रोजगार सूचना केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखेर काम गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत रोजगार सृजना गर्नको लागि आवश्यक रकमको सुनिश्चितिता गरिनेछ।
- गैरसरकारी संस्थासँग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.६ खेलकुद

- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप, कर्मचारी, जनप्रतिनिधि र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- गाउँपालिका स्तरीय प्रत्येक खेलकुद मैदानको जग्गा प्राप्तिको समस्या समाधान गरी मैदानलाई गाउँपालिकाको पूर्ण स्वामित्वमा ल्याइनेछ ।
- प्रत्येक वडाका विद्यमान खेलकुद मैदानको स्तरोन्नती गरी 'एक वडा, एक स्मार्ट खेलकुद मैदान' निर्माण गरिनेछ।
- युवाहरूको खेलकुदप्रतिको रूचीलाई सम्बोधन गर्न पालिकास्तरीय र खुला खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ।
- भलिबल, फुटबल तथा अन्य खेलकुदको विकासका लागि गाउँपालिकास्तरीय खेलाडी छनोट गरी खेल सीप तथा क्षमता विकास गराउने नीति लिइनेछ।
- गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी प्रत्येक वडामा उपसमिति गठन गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुदमा भाग लिने गाउँपालिका भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउन सहयोग पुर्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाइनेछ ।

## १.७ सामाजिक परिचालन

- सामाजिक रुपान्तरणका लागि सामाजिक परिचालन कोष खडा गरी टोल विकास संस्था, गैर सरकारी, आमा समूह, क्लब, सामुदायिक संस्था लगायतका संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

- सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरण कार्यक्रमलाई मूल प्रवाहीकरणमा समावेश गर्न जोड दिइनेछ ।
- स्थानीय विकास निर्माणका लागि जनश्रमदान परिचालन गराउने नीति लिइनेछ।

१.८ न्यायिक कार्यसम्पादन

"उपाध्यक्षसँगै न्यायमा सेवाः समृद्धि र सुशासनमा टेवा"

- न्याय सम्पादनलाई प्रभावकारी बनाउन मेलमिलापकर्ता र जनप्रतिधिहरुको लागि क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिनेछ ।
- विवाद निरुपण तथा मेलमिलापको लागि समुदायस्तरमा कार्यक्रम बनाई लागू गरिनेछ ।
- स्थानीय न्यायिक समितिलाई सबल र सक्षम बनाइनेछ ।
- गाउँपालिकामा महिला तथा पुरूष जनप्रतिनिधिहरूलाई कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- उपाध्यक्षसँग सुत्केरी आमाहरुसँग भेटघाट कार्यक्रम गरिनेछ।
- आमा समूहहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- वेरोजगार महिलाहरुलाई आत्मनिर्भर बनाउन उद्यमशीलता तालिम दिइनेछ।
- १० (दश) वर्ष माथिका छात्राहरुका लागि सेनेटरी प्याड वितरण गरिनेछ।
- चौध वर्ष उमेर पुगेका किशोर-किशोरीहरुका लागि बालविवाह न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिनेछ।

१.९ साहित्य र संगीत

- गाउँपालिका र छिमेकी नगर/गाउँपालिकाहरूभित्र बसोबास गर्ने साहित्य सर्जकहरूलाई साहित्य सृजनामा निरन्तर प्रोत्साहन गर्न गाउँपालिकाको आयोजनामा वृहत साहित्यक गतिविधि गरिने नीति लिइनेछ।
- स्थानीय गायन प्रतिभाको विकास र अवसरका लागि गाउँपालिका तारालाई निरन्तरता दिने नीति लिइनेछ।
- गीत संगीत, पत्रकारिता र साहित्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिनेछ ।

## २. आर्थिक विकास नीतिः

### २.१ कृषि तथा पशु विकास

- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुँच हुने गरी कृषि तथा पशुपालन सम्वन्धी प्राविधिक सेवा विस्तार गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका कृषक समूह र सहकारी र महिला आत्मनिर्भर समूह मार्फत उन्नत जातका बीउ विजनमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- "एक घर, एक प्लाष्टिक टनेल" कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने नीति लिइनेछ।
- कृषक दर्ता तथा सूचीकरण गरी कृषि स्रोत केन्द्र स्थापना गरी तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।
- कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिने छ । यसका लागि वडागत रुपमा पकेट/ब्लक कार्यक्रम गर्ने नीति लिइनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ। साथै, गाउँपालिकाभित्र रहेर कृषि क्षेत्रमा व्यवसायिक खेती गरिरहेका युवा कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- व्यवसायिक मौरीपालन, तेलहन खेती, फलफूल, आलु, च्याउ खेतीको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।
- कृषक, व्यवसायी, उद्यमी र प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिँचाई नपुगेको कृषियोग्य जमिनमा सिँचाईको सुविधा पुऱ्याइनेछ ।
- पशुपन्छीमा लाग्ने विभिन्न संक्रमित तथा सरुवा रोगहरु र हाल गाई गोरुमा सक्रिय सङ्क्रमणको रुपमा देखापरेका विभिन्न प्रकृतिका रोगहरुको उपचार र रोगहरूको रोकथामका लागि औषधी वितरणमा ७० (सत्तरी) प्रतिशत अनुदानमा भ्याक्सिनेशन कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- पशुपन्छीबाट मानवमा सर्न सक्ने रोगहरूका सम्बन्धमा जनचेतना अभिवृद्धि र जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु तथा कृषि प्रवर्द्धन लागि "एक गाउँ, एक उत्पादन कार्यक्रम" साझेदारी नीति अवलम्वन गरिनेछ।
- पशुपंक्षी विमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- कृषकको घरमा कृषि प्राविधिक पुगि सबै कृषकको घरमा कृषि तथा भेटनरी सेवा उपलब्ध गराउन किसान घरदैलो सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानहरुलाई बीउ-विजन, कृषि उपकरण, विषादी लगायतका कृषि सामग्रीहरु वितरण गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र नगदेबाली चिया खेतिको विस्तार गर्दै वडा नं. ५, ६ र ७ लाई कार्यक्षेत्र बनाई सो क्षेत्रलाई चिया पकेट क्षेत्र घोषणा गरी सम्बन्धित क्षेत्रका इच्छुक कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- गाउँपालिकालाई कृषिमा आत्मनिर्भर र उत्पादनमुखी बनाउन वर्षेनी विरुवा आयात गरेर सम्भव नहुने ठहर गरी गाउँपालिका स्तरीय विरुवा नर्सरी ब्लक स्थापना गरी हाम्रो माटो सुहाउँदो विरुवा उत्पादन गरी किसानहरुलाई सहुलियत दरमा बिरुवाहरू वितरण गर्ने र स्वस्थ सल्यमा बिरुवाहरू बाह्य बजारमा निर्यात गर्ने निति लिइनेछ।

कृषि उत्पादनलाई प्रोत्साहन गरी बजारीकरणको सुनिश्चित गर्न हसाको कुनै ए किसानहरुले उत्पादन गरेका विभिन्न कृषि उत्पादनहरुको बिक्री वितरणको लागि पालिकाको कुनै दुई स्थानमा कृषि फसल संकलन केन्द्रहरु स्थापना गरिनेछ। र यसका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

२.२. पर्यटन

- गाउँपालिकाको पर्यटन विकासका लागि गाउँपालिकाको समग्र पर्यटन सम्भाव्यताबारे अध्ययन गरी नीति तथा गुरुयोजना तर्जुमा गरिनेछ। गुरुयोजना निर्माणका लागि जनप्रतिनिधि र सम्बन्धित कर्मचारीहरूलाई तालिमको अविलम्ब व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट बसाइसराइँ गरी अन्यत्रै बसोबास गरिरहेका नागरिकहरू र उनी सन्ततिहरूलाई गाउँपालिकामा रहेका विभिन्न प्राकृतिक, धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा र सौन्दर्यताको पारख गर्न 'घर फर्क परदेशी, दिप्रुङ चुइचुम्माले डाँक्दैछ' भन्ने नाराका साथ घरेलु पर्यटन विकास गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाको छितापोखरीस्थित सुम्निमा-पारूहाङ पार्कलाई स्तरोन्नति गर्दै पर्यटकीय क्षेत्र रूपमा विस्तार तथा प्रचारप्रसार गरिनेछ । तहाँस्थित चिया बगान क्षेत्रको विस्तार गरी उक्त पार्कलाई वनभोजस्थलको रूपमा निर्माण गरिनेछ ।
- ऐतिहासिक, धार्मिक एवं प्राकृतिक सुन्दरताले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थल सम्भावना भएका धिप्लुङ झरना, मैस्याङ डाँडा, जलजला ताल, चित्रेपातल, लहरेपैयु, स्यालगौडे राम्चेडाँडा लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइनेछ।
- गाउँपालिकाभित्र रहेको भाषा, धर्म, संस्कृतिलाई जीवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक संग्रहालय निर्माणका लागि विभिन्न सरोकारवालाहरुसँग सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।

## २.३. उद्योग तथा वाणिज्य

- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार व्यवसाय र उद्योगको दर्ता तथा नियमन कार्य सहज बनाउन सम्बन्धित निकायसँग समन्वय गरी व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।
- घरेलु तथा साना उद्योगको रुपमा सञ्चालित कुटानी पिसानी मिल, फर्निचर उद्योग, विविध जातका फलफूलका जुस उद्योग, जडिबुटी उद्योग, कपडा तान बुन्ने उद्योग, लगायतका उद्योगहरूमा व्यावसयिक रुपमा संलग्न हुने कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- वर्तमान अवस्थामा विदेशबाट फर्केका समग्र युवाहरुको सीप, क्षमता र अनुभवलाई एकीकृत गरी गाउँपालिकामै रोजगार बनाउने नीति, रणनीति तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण गर्ने जस्ता कार्यलाई पूर्णरुपमा अन्त्य गर्न पालिकाको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गर्दै उपभोक्ताको हित संरक्षण गर्न अनुगमनलाई प्रभावकारी बनाइनेछ ।यसका लागि वर्षको कम्तीमा २ (दुई) पटक बजार अनुगमन गरिनेछ।
- गाउपालिकामा तोरी उत्पादनमा वृद्धि गरी अर्गानिक तेलको निर्यात गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- टपरी-दुना गाँस्ने, बत्ती काते, खादी कपड़ा बुन्ने, नाङ्लो-डालो बुन्ने, जस्ता परम्परागत घरेलु उद्यमहरुलाई नवप्रवर्तनकारी उद्यमको रुपमा विकास गरिनेछ। र यि उद्योगबाट उत्पादित सामाग्रीहरुको बजारीकरणको सुनिश्चितता गाउँपालिकाले लिनेछ।

## २.४ सहकारी, गैरसरकारी तथा वित्तीय क्षेत्र

- सहकारी तथा वित्तीय क्षेत्रको पूँजीलाई लघु उद्यम विकास, रोजगारी सिर्जना, स्थानीय उत्पादन प्रवाह तथा बजारीकरण गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- सहकारी क्षेत्रलाई प्रर्वद्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ । आ.व.२०८१/०८२ भित्र गाउँपालिकाका सबै सहकारीहरुलाई अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबारको अनिवार्यरूपमा लेखापरीक्षण गर्न उत्प्रेरित गरिनेछ। सहकारी नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- पालिकामा दर्ता भई सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुका सञ्चालक समितिका पदाधिकारी र व्यवस्थापकहरुलाई कार्यालय सञ्चालन तथा लेखा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका सहकारी तथा बैंकहरूलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याइनेछ।
- निष्कृय सहकारीलाई खारेज गर्ने प्रकृया अघि बढाइनेछ ।

## ३. वन, वातावरण तथा विपद व्यवस्थापन नीतिः

### ३.१. वन वातावरण तथा जलवायु परिवर्तन

- वातावरणमैत्री स्थानीय नीति तर्जुमा गरिनेछ। वातावरणमैत्री शासनका पूर्वाधार पूरा गरी गाउँपालिकालाई वातावरणमैत्री स्थानीय तह घोषणा गरिनेछ।
- "एक वडा, एक रिचार्ज पोखरी" को कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन संरक्षण, प्रवर्द्धन तथा सम्बन्धित समुदायको वासिन्दाको हितमा उपभोग गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विकास, वातावरण तथा राजश्वका क्षेत्र तथा उपक्षेत्रहरुबीच तादात्म्यता मिलाई गाउँपालिकाको वनजन्य स्रोतहरुको निकासी गर्ने व्यवस्था मिलाइनेछ।
- जैविक मार्ग निर्माणको लागि सम्भाव्य क्षेत्रहरुको अध्ययन गरी सम्बन्धित निकायसँगको साझेदारीमा सो मार्ग निर्माण गर्न पहल गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहान, पोखरी, ताल-तलैया, कुवा, सिमसार क्षेत्रको संरक्षण र सम्वर्द्धन गरिनेछ।
- 'स्थानीय जलवायु अनुकुलन कार्यक्रम' सञ्चालन सम्बन्धी कार्यक्रम गर्न जनप्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरूलाई अभिमुखिकरण तालिम प्रदान गरिनेछ।

### ३.२ विपद व्यवस्थापन तथा भू–संरक्षण

- गाउँपालिकास्तरीय विपद व्यवस्थापन कोषका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ सस्था एवं शुभेच्छुकबाट साझेदारीता अभिवृद्धि गरिनेछ ।
- टोल विकास संस्था वा सामुदायिक संस्था गठन र सञ्चालन सम्बन्धी स्थानीय कानूनको आधारमा ८० (असि) प्रतिशत भन्दा बढी घरधुरी टोल विकास संस्थामा आवद्ध गराइनेछ। र उक्त टोल विकास संस्थालाई विपद् प्रतिकार्यमा परिचालन गरिनेछ।
- महामारी, भूकम्प,बाढीपहिरो, हुरीवतास, चट्याङ, विद्युत सर्ट, आगलागी तथा डढेलो, जंगली जनावरबाट हुने क्षति जस्ता विपद सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपत पूर्व तयारी स्वरुप खाद्य,गैर खाद्य र स्वच्छता एवम् उद्दार सामग्रीको व्यवस्थापन गरिनेछ।
- स्थानीय र विश्वव्यापी रुपमा फैलिने महामारीजन्य विपद्को सामनाका लागि गाउँपालिकाबाट विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस्तो अवस्था उत्पन्न भएमा प्रदेश र संघीय सरकारमार्फत् अन्तराष्ट्रिय जगतबाट प्राप्त हुने सहयोग परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।
- यस गाउँपालिकामा र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक (Quick Response Team) को गठन गरी क्षमता विकास गर्दै शीघ्र परिचालनको निति अवलम्बन गरिनेछ।

- प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालिन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्रीहरुको उपलब्धताको सुनिश्चित गरिनेछ।

### ३.३ फोहोरमैला व्यवस्थापन

- गाउँपालिकाभित्र सासाहिक, पाक्षिक, मासिक र वार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापनका लागि गाउँपालिकाको सरहदभित्र वातावरणीय प्रभाव मूल्याङ्कन पश्चात उपयुक्त स्थानमा फोहोर मैला विसर्जन केन्द्र निर्माण गरी फोहोरमैलाको एकीकृत रुपमा व्यवस्थापन गरिनेछ।
- गाउँपालिकामा उत्पादित सिसाजन्य, धातुजन्य तथा मेशनरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागि कबाडीजन्य उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना जगाउन जनसहभागितामा आधारित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने, माइकिङ गर्ने, पोष्टर टाँस्ने जस्ता कार्यक्रम गरिनेछ।

## ४. पूर्वाधार विकास

### ४.१ सडक, पुल तथा यातायात व्यवस्था

- विकास योजनाहरुलाई नतिजामुखी बनाउन वडास्तरमा टुक्रे योजनाहरु तर्जुमा गर्ने कार्यलाई क्रमशः कम गरिनेछ र योजना कार्यसम्पादनलाई नतिजामा आधारित बनाइनेछ।
- गाउँपालिका भित्र सञ्चालन भई रहेका विभिन्न आयोजनाहरुको गुणस्तर चेकजाँचको लागि पालिकास्तरीय ल्याब सञ्चालन तथा आवश्यक शुल्क निर्धारण गर्न  आवश्यक संख्यामा ल्याब टेक्निसियनको बन्दोबस्त गराईनेछ।
- पूर्वाधार तथा अन्य योजनाहरुमा जनश्रमदान, कन्टिन्जेन्सी, लागत अनुमान स्वीकृति, बोलपत्र सम्बन्धी कागजातहरुको स्वीकृती लगायत सम्पूर्ण खरिद सम्बन्धी कामहरुको नियमन तथा व्यवस्थापनका लागि स्थानीय खरिद नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाका सार्वजनिक भौतिक पूर्वाधारहरु संरचना निर्माण गर्दा बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवं गर्भवती महिलामैत्री बनाइनेछ।
- पूर्वाधार शाखाका प्राविधिकहरुलाई उत्प्रेरित गर्न एव् आवश्यक प्राविधिक सामग्री खरिदको लागि कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गरिनेछ।

- यातायात गुरुयोजना र नेपाल सरकारको नीति अनुरुप गाउँपालिकाभित्र रहेका सडकलाई "क", "ख", "ग" र "घ" वर्गमा विभाजन गरी शाखा सडकहरु ६ देखि १४ मिटर र साँघुरा सडक कम्तिमा ४ मिटर चौडा गरिने कार्यको थालनी गरिनेछ ।
- गाउँकार्यपालिकाको मुख्य सडक तथा शाखा सडकहरुलाई तराई र सदरमुकामसम्म बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नती गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्रका सडक संरचना निर्माण गर्दा बायोईन्जिनियरिङको अवधारणालाई अवलम्बन गरिनेछ।
- पूर्वाधार निर्माणपूर्व वातावरणीय अध्ययन (Basic Environment Study/ Initial Environmental Examination/Environmental Impact Assessment) गरेर मात्र निर्माण कार्य अघि बढाइने नीति लिइनेछ।
- गाउँपालिकाभित्र निर्माण भएका सडकको यथोचित नामाकरण गरी निश्चित दूरीमा ट्रफिक चिन्हसहित गन्तव्य दूरी र स्थानको नामाकरण र संकेत बोर्ड अनिवार्य रूपमा राखिनेछ ।
- सडक क्षेत्रको विकासमा सार्थक जनसहभागिता सहित योजनाहरु सञ्चालन गरिनेछ ।
- एकीकृत नमूना वस्तीको विकासको सम्भाव्यता अध्ययन गरिनेछ ।
- गाँउपीलकीभत्र यातायात आवागमन व्यवीस्थत बर्नाइनेछ ।
- गाउँपालिकाको सडक संरचनाहरुको Regular and Routine Maintenance गर्न Length Workers [illegible] गरिनेछ।

## ४.२ सिंचाइ

- खेतीयोग्य जमिनमा सिँचाइको प्रबन्ध गरिनेछ ।
- साना सिँचाइ कार्यक्रमलाई थप व्यवस्थित र जनमुखि बनाइनेछ।
- खेती योग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउन कुलोहरुको निर्माण र हिउँदे पोखरीहरुको निर्माणकार्यलाई निरन्तरता दिइनेछ।

## ४.३ भवन तथा सहरी विकास

- दिगो, नतिजामूलक र दीर्घकालीन भौतिक विकासका लागि गाउँ विकास गुरुयोजना तयार गरी आवधिक योजना बमोजिम विभिन्न क्षेत्रगत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विकास निर्माणमा प्रेयाग हुने निर्माण सामीग्रा र कच्चा पदार्थका गाँउ पीलकास्तिराय मापदण्ड तोकी पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सार्वजनिक, सरकारी, गुठी, सामुदायिक र ऐलानी पर्ति जग्गाको अभिलेख राखि जग्गाको संरक्षण गरिनेछ ।

- गाउँपालिकाभित्र निर्माण गरिने सरकारी तथा निजी भौतिक संरचनाहरूको नक्सा पास कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनासँग आयोजना बैंकसँग तादात्म्यता मिलाइनेछ।
- गाउँपालिकाभित्रको निजी तथा गुठी जग्गाहरुको सरकारी मूल्यमा पुनर्मूल्याङ्कन गरी राजश्वको दायरामा समेट्ने नीति अवलम्बन गरिनेछ।
- संघीय सरकारको भवन निर्माण आचारसंहितासँग मेल खानेगरी गाउँपालिकाको भवन निर्माण आचारसंहिता निर्माण गरी सातै वडाका नागरिकहरूलाई त्यस सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, वडा कार्यालयको भवन तथा अन्य भौतिक संरचनाहरूको निर्माण गर्दा बालश्रमको प्रयोगलाई शून्यमा झारिनेछ ।
- सडक, सरकारी भवन, बजार लगायतका भौतिक संरचना निर्माण र व्यवस्थित गर्ने प्रयोजनका लागि जग्गाको लगत सङ्कलन गरी लगत कट्टा गरिनेछ।
- दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खा देखि खानिडाँडा विमानस्थल जोड्ने सडकलाई थप विस्तार गर्न संघीय सरकारसँगको साझेदारीमा कालोपत्रे सडक कार्यक्रम द्रुत गतिमा गर्न लगाई तोकिएको समयमा काम सम्पन्न गराउन निगरानी बढाइनेछ।
- विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार भएका योजनाहरुको निर्माण कार्यका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्था गर्दै लगिनेछ। छिमेकी स्थानीय तहसँग साझेदारी गर्नुपर्ने आयोजनाहरुको विषयमा समन्वय गर्न निरन्तरता दिइनेछ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितात्मक विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढीकरण गरिनेछ ।

### ४.४ व्यवस्थित वस्ती विकास

- समुदायको अग्रसरतामा गरिने वस्ती विकासलाई प्रोत्साहित गरिने नीति लिइनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।
- भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ अनुसार भूमिलाई वर्गीकरण गरी आवासीय क्षेत्र, औद्योगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्र तोकिए बमोजिम भूउपयोग गर्ने कार्यको कार्यान्वयन गरिनेछ।

### ४.५. सञ्चार र प्रविधि

- इन्टरनेटको माध्यमबाट वडा कार्यालयबाट प्रदान गरिने सेवालाई गाउँपालिकाको सूचना प्रणालीसँग आवद्ध गरी विद्युतीय अनुगमनको शुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

- नवीनतम सूचना प्रविधि, यस सम्बन्धी कानुन तथा प्रयोगका सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न कर्मचारी र जनप्रतिनिधिलाई छुट्टाछुट्टै तालिम प्रदान गरिनेछ।
- गाउँपालिकाको सूचना प्रवाह र नागरिकको गुनासो व्यवस्थापन गर्न विद्युतीय नागरिक वडापत्र, सूचना पाटी तथा सामजिक सञ्जाल लगायतका सूचना प्रविधिको प्रयोगको उपभोग प्रतिशत बढाउन आवश्यक प्रबन्ध गरिनेछ।
- साइवर अपराध न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, प्रकृतिक तथा सौंस्कृतिक सौन्दर्यतालाई समेटेर एक वृत्तचित्र (Documentary) निर्माण गरिनेछ।
- दूरसञ्चार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी सबै वडा, गाउँबस्ती, बजार क्षेत्र, विद्यालय, कलेज, सरकारी कार्यालयहरुमा टेलिफोन, मोवाइल, इन्टरनेट सेवाको उपलब्धता बढाउन पहल गरिनेछ ।
- गाउँप्रहरीहरुको कार्य सम्पादनलाई प्रभावकारी बनाउन स्याटलाईट सेवाको आवश्यक प्रबन्ध मिलाइनेछ।

### ४.६ विद्युत तथा वैकल्पिक ऊर्जा

- गाउँपालिकाको सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकायको सहयोगमा प्रमुख सडक तथा चोकहरुमा बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका सबै टोलबस्तीहरुमा राष्ट्रिय विद्युत ग्रीडसँग जोडिनेछ ।
- गाउँपालिकाको उच्च भूभागमा सोलार बत्ति तथा वायु ऊर्जा प्लान्ट जडानको सम्भाव्यता अध्ययन गरिनेछ।
- नागरिकहरूलाई विद्युतीय चुल्हो प्रयोग गर्न उत्प्रेरित गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ सार्वजनिक सेवा प्रवाह

- कार्य प्रकृति, कार्यबोझ र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन सम्वन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी संगठन तथा व्यवस्थापन परीक्षण गराई कर्मचारीहरुको संख्यालाई उचित आकारमा राखिनेछ ।
- स्वीकृत दरबन्दिभित्रका रिक्त पदहरुमा पदपूर्तिको व्यवस्था मिलाइनेछ ।
- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

- घर अपायक कर्मचारीहरूलाई आवास (क्वाटर) को व्यवस्था गरिनेछ। आगामि आर्थिक वर्षभित्रै क्वाटर निर्माण कार्य सम्पन्न गरिनेछ।
- गाउँपालिका मातहत कार्यरत राष्ट्रसेवक कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ।
- गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहको गुणस्तर कायम गरी नागरिकप्रति जवाफदेही बनाउन प्रत्येक शुक्रवार **'नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रम'** सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा नागरिक सहायता कक्ष र स्तनपान कक्ष स्थापना गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।
- कार्यालयबाट नागरिकलाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिनेछ । नागरिक वडापत्रलाई मोवाइल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- सेवाप्रवाहलाई प्रभावकारी बनाउन टोकन प्रणाली मार्फत **'पहिलो प्रवेश, पहिलो सेवा प्रणाली'** अवलम्बन गरिनेछ ।
- पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका तालिम तथा असल अभ्यासहरुको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- अन्तर स्थानीय तहको सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँ/नगरसँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित पारदर्शी तथा जवाफदेही बनाउन विभिन्न वस्ती/टोलहरुमा दर्ता शिविर, अभिमुखीकरण तथा गुनासो सुनुवाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरूमा नेपाल प्रहरी र नगर प्रहरीको समन्वयमा सुरक्षा पोष्टको सुदृढिकरण गरिनेछ।

### ५.२ राजश्व तथा वित्तीय व्यवस्थापन

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि राजस्व सुधार कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- चालु खर्चलाई निश्चित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।
- आन्तरिक स्रोतको पहिचान गरी राजस्वको दायराभित्र ल्याइनेछ । कर शिक्षा, कर सहभागिता, कर फछौंट कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- जनतालाई करको भार महसुस नगराई, नीजि क्षेत्रको विकासमा बाधा नपुग्ने गरी प्रगतिशील कर प्रणालीको माध्यमद्धारा नागरिकहरुलाई अपनत्व हुने करका दरहरु निर्धारण गरिनेछ ।

- व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ।
- गाउँपालिकाको राजश्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजश्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजश्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाङ्कन गरी आन्तरिक नियन्त्रण प्रणाली र लेखा परीक्षण प्रणालीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विविध प्रकारका स्काभेटर, व्याकहोलोडर, ट्रयाक्टर यात्रुबाहक बस, बुलेरो जीप लगायतका सवारी साधनहरुलाई कानून निर्धारित करको दायरामा ल्याइनेछ ।
- संघीयताको मूल मर्मलाई ध्यानमा राखी विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै प्रत्येक वडामा समानुपातिक प्रणालीको आधारमा सिलिङ मार्फत बजेट पठाउने नीति लिइनेछ।
- गाउँपालिकाभित्रका सातै वडाहरूलाई राजश्व सङ्कलन र परिचालनमा अपनत्व बढाउनका लागि राजश्वको सीमा दिई सो सीमा हासिल गर्ने वडाका कर्मचारीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा,समन्वयात्मक बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।

## ५.३ बजेट निर्माण तथा कार्यान्वयन

प्रत्येक वडामा भूगोल, विकासको आवश्यकता, लागत र जनसंख्याको आधारमा बजेट सिलिङ तयार गरी कार्यक्रम तथा बजेट विनियोजन गरिने नीति लिइनेछ ।

गाउँबासीहरुका असीमित आवश्यकता र मागलाई पूरा गर्न वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुलाई एकीकृत गरी आयोजना बैंकको रुपमा राखिने र योजनाहरुको लागि आवश्यक थप रकम निकासाको लागि प्रदेश तथा संघीय सरकारमा माग गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको सन्तुलित र दिगो विकास तथा समृद्धि हासिल भई नागरिकहरुको जीवनस्तर उकास्न सहयोग मिल्नेछ भन्ने अपेक्षा गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको निर्माणमा प्रत्यक्ष र परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुर्याउनु हुने वडाध्यक्ष एवं सदस्यज्यूहरु, सबै राजनीतिक दल, विषयगत समितिहरु, विषयगत शाखाहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु सुरक्षा निकाय एवं सरकारी, गैरसरकारी तथा सामाजिक संघ, संस्था, उद्योगी, व्यवसायी, नागरिक समाज तथा आम दिप्रुङ चुइचुम्मावासी प्रति हार्दिक आभार प्रकट गर्दै यो नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

अरुणा थापा मगर
उपाध्यक्ष
दिप्रुङ चुइचुम्मा गाउँपालिका
२०८१ असार १० गते, सोमबार।